नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

**"The Nepal Standard on Auditing for Audits of Financial Statements of Less Complex Entities (The NSA for LCE)" को सहयोगी सामग्रीहरु प्रकाशन गरिएको जानकारी बारे ।**
**(मिति : २०८२/०५/१५)**

नेपाल लेखापरीक्षणमान बोर्डले International Auditing and Assurance Standards Board (IAASB) बाट जारी भएको "The International Standards on Auditing for Audits of Financial Statements of Less Complex Entities (the ISA for LCE)" को आधारमा "The Nepal Standards on Auditing for Audits of Financial Statements of Less Complex Entities (The NSA for LCE)" तयार गरी लागु गर्न गराउन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा सिफारिस गरे बमोजिम मिति २०८१ कार्तिक ८ गते बसेको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको ३३६ औं परिषद्को बैठकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा ११(ड) वमोजिम उक्त मान मिति २०८३ श्रावण १ गते देखिको वित्तीय विवरणको लेखापरीक्षणमा लागू गर्ने र सो मिति अघिका आय वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा उक्त मान स्वेच्छिक रुपमा लागू गर्न सकिने निर्णय गरेको व्यहोरा अवगतनै छ ।

NSA for LCE लागू हुने निकायहरुको सम्भावित उल्लेख्य हिस्सा तथा सरोकारवाला र नियमनकारी निकायहरुबाट प्राप्त सुझावहरुलाई ध्यानमा राख्दै मानको व्यापक पहुँच सुनिश्चित गर्ने लगायत मान लागू गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ यस लेखापरीक्षणमान बोर्डले NSA for LCE सँग सम्बन्धित देहाय बमोजिमका सामग्रीहरु तयार गरी प्रकाशन गरेको व्यहोरा जानकारी गराउँदछौं ।

१. **NSA for LCE को नेपाली संस्करण "कम जटिल निकायहरुका वित्तीय विवरणहरुको लागि नेपाल लेखापरीक्षणमान"**
   पुस्तकको विद्युतिय प्रति लेखापरीक्षणमान बोर्डको वेबसाइट (https://www.ausb.gov.np/shop/ebooks?group=NSA_for_LCE) मार्फत प्राप्त गर्न सकिनेछ । साथै उक्त पुस्तकको प्रकाशित प्रति बोर्डको वेबसाइट मार्फत वा लेखापरीक्षणमान बोर्डको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

Branch Offices:
Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np
Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np
Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np
Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np

२. **NSA for LCE को लागि लेखापरीक्षकको प्रतिवेदन सम्बन्धी अतिरिक्त मार्गदर्शन (अङ्ग्रेजी भाषामा)**

NSA for LCE अन्तर्गत विभिन्न अवस्थाहरुमा जारी हुने लेखापरीक्षकको प्रतिवेदनको बारेमा विस्तृत जानकारी लगायत प्रतिवेदनका नमुनाहरु सहित लेखापरीक्षकको प्रतिवेदन सम्बन्धी अतिरिक्त मार्गदर्शन (Auditor Reporting Supplemental Guidance) अङ्ग्रेजी भाषामा तयार गरी बोर्डले प्रकाशन गरेको छ । यस बोर्डद्वारा उक्त मार्गदर्शन नेपाली भाषामा समेत तयार भइरहेकोमा निकट भविष्यमा प्रकाशन हुन गइरहेको छ ।

उपरोक्त मार्गदर्शन नेपाल लेखापरीक्षणमान बोर्डको वेबसाइट (https://www.ausb.gov.np/page/Reporting_Guidelines) मार्फत प्राप्त गर्न सकिनेछ ।

३. **NSA for LCE मा प्राय: सोधिने प्रश्नहरु (अङ्ग्रेजी र नेपाली भाषामा)**

NSA for LCE को प्रयोगसँग सम्बन्धित विषयहरूलाई सम्बोधन गरी उक्त मानलाई अपनाउन र कार्यान्वयनमा सहयोग पुर्‍याउने उद्देश्यका साथ बोर्डले NSA for LCE मा प्राय: सोधिने प्रश्नहरु (FAQs) नेपाली तथा अङ्ग्रेजी दुबै भाषामा तयार गरी प्रकाशन गरेको छ ।

उक्त FAQs बोर्डको वेबसाइट (https://www.ausb.gov.np/page/F_A_Q) मार्फत प्राप्त गर्न सकिनेछ ।

उपरोक्त विषयहरुको सम्बन्धमा थप जानकारी आवश्यक भएको खण्डमा नेपाल लेखापरीक्षणमान बोर्डको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np
Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np
Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np
Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np